

विद्यार्थीमा अनुशासनको सीमारेखा

✍ प्रेमनारायण भुसाल (२)



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY


purbasandesh.com



ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ **वर्ष-२१** ❑ अंक - २१५ ❑ २०८३ भाद्र ०३ गते बुधबार ❑ Wednesday, 19 Aug. 2026 ❑ मूल्य ७ /-


### स्थानीय तह उम्मेदवार छनोट प्रकृयामा रास्वपा

# पावर, पहुँच र पैसाको वल पूर्ण निषेध



**दमक**/ सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा)ले आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट गर्न क्यान्डिडेट क्लब घोषणा गरेको छ । सोमबार सभापति रवि लामिछानेको उपस्थितिमा रास्वपाले क्लब घोषणा गरेको थियो ।

क्लब घोषणासँगै रास्वपाले ४६० गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, तीन हजार ६८५ वडाध्यक्ष र १४ हजार ७४० वडा सदस्यका लागिमात्र आवेदन आह्वान गरेको छ ।

यस क्लबमा ६ महानगरपलिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिकाका प्रमुख/उपप्रमुख, तीन हजार ५८ वडाध्यक्ष र १२ हजार २३२ वडा सदस्यको हकमा आवेदन दिन सकिने छैन । आगामी वैशाखमा हुने ७५३ स्थानीय तहका लागि २९३ प्रमुख/उपप्रमुख, ४६० अध्यक्ष/उपाध्यक्ष, ६ हजार ७४३ वडा अध्यक्ष र २६ हजार ९७२ वडा सदस्यका लागि निर्वाचन हुँदैछ । रास्वपाले चितवनमा भएको प्रथम महाधिवेशन अगाडि नै स्थानीय तह निर्वाचनको तयारी थालेको थियो । साउन १३ गते बसेको केन्द्रीय समिति बैठकले भदौ १ गतेदेखि स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्न इच्छुक व्यक्तिहरूको लागि क्यान्डिडेट क्लब मार्फत आह्वान गर्ने निर्णय गरेको थियो ।

पार्टीको उम्मेदवार छनोट एप आधिकारिक रूपमा खुला गर्दै सभापति रवि लामिछानेले पावर, पहुँच र पैसाको बलमा उम्मेदवार बन्न खोज्नेको उम्मेदवारी खारेज भएको घोषणा गरे ।

'कोही कसैले कोठामा बसेर, चोटामा बसेर, सभा, कार्यक्रममा बसेर, बिनाआधार, बिनाकारण, बिनानिर्णय, आफ्नो मर्जीले उम्मेदवार तपाईं नै हो भनेर ज-जसले जहाँ-जहाँ भन्नुभएको छ, बेच्नु भएको छ, उपहार दिनुभएको छ ।

बाँकी ४ पेजमा ▸▸

## मुख्यमन्त्री कार्कीले विश्वासको मत लिदै



**दमक**/ कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भदौ ५ गते शुक्रबार विश्वासको मत लिने तयारी गरेका छन् । मुख्यमन्त्री निकट नेकपा एमालेका सांसद रेवतिरमण भण्डारीले शुक्रबार विश्वासको मत लिने गरी तयारी भइरहेको जानकारी दिएका हुन् । सांसद भण्डारीका अनुसार सत्ता साझेदार दल फेरिएकाले मुख्यमन्त्रीले विश्वासको मत लिन लागेका हुन् । 'नेपाली कांग्रेसले अहिलेसम्म समर्थन फिर्ता लिइसकेको छैन, तर नेकपा सरकारमा सहभागी भइसकेकाले नैतिकताका आधारमा मुख्यमन्त्रीज्यूले विश्वासको मत लिनुहुनेछ,' भण्डारीले भने ।

### गगन थापा भन्छन्

## १५औँ महाधिवेशनको प्रक्रिया सुरु



**झापा**/ नेपाली कांग्रेसका सभापति गगन थापाले मंगलबारबाट १५औं महाधिवेशन प्रक्रिया सुरु भएको बताएका छन् । महाधिवेशनअन्तर्गत विभिन्न जिल्लाहरूमा खटिने निर्वाचन अधिकृतहरूलाई प्रशिक्षण दिन सानेपामा आयोजित कार्यक्रममा उनले असोज १६-१९ मा काठमाडौँमा महाधिवेशन हुने बताए ।

'हामीसँग अब समयको सुविधा छैन। हामी संविधान, पार्टी विधानमा बाँधिएका छौं,' उनले भने, 'अदालतको फैसलामा पनि असोज १६ गतेबाट महाधिवेशन हुने भन्ने आधार बनाइएको छ । त्यसले पनि हामीहरू बाँधिएका छौँ । थोरै समयमा काम गर्नुपर्नेछ ।'

यसपालि क्रियाशील सदस्यता डिजिटल भएकाले महाधिवेशन गर्न पहिलाको भन्दा सहज हुने थापाले बताए ।

'प्रश्न नउठ्ने गरी अधिवेशन गर्नुपर्नेछ, आजबाट हाम्रो अधिवेशन प्रक्रिया औपचारिकरूपमा प्रारम्भ भयो,' उनले भने, 'निर्वाचन समितिले जुन कार्यतालिका बनाएको छ, त्यही कार्यतालिका हामी सबैले फलो गर्ने हो। केन्द्रीय कार्यसमितिले तिथि र ठाउँ तय गरिसकेको छ, असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन हुन्छ ।'

असोज १६ अघि कुनकुन तहको अधिवेशन कसरी गर्ने भन्ने निर्वाचन समितिले कार्यतालिका बनाएर काम गर्ने उनको भनाइ छ । संस्थापनइतर पक्षसँग

बाँकी ४ पेजमा ▸▸

# ब्यवसायीलाई खेलकुदसँग जोड्दै उद्योग वाणिज्य संघ

**दमक**/ दमक उद्योग वाणिज्य संघले ३६ औ स्थापना दिवस तथा वार्षिक उत्सवको अवसरमा आगामी भाद्र ५ र ६ गते दुईदिन अन्तर बस्तुगत संघ फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ। मंगलबार संघको सभाहलमा आयोजित पत्रकार सम्मेलन मार्फत सो जानकारी गराइएको हो । कार्यक्रमको नेपाल उद्योग वाणिज्य महासंघका खेलकुद समिति सभापति कृष्ण कटुवालको प्रमुख आतित्थ्यतामा भाद्र ५ गते विहान ७:३० वजे उद्घाटन हुने जनाइएको छ। प्रतियोगितामा अन्तर बस्तुगत संघ अन्तरगतका ११ वटा टिम सहभागी हुने दमक उद्योग वाणिज्य संघका अध्यक्ष देवीप्रसाद गुरागाईंले जानकारी दिए। प्रतियोगितामा प्रथम पुरस्कार ३३ हजार ३ सय ३३ रुपैयाँ, दोस्रो पुरस्कार २२ हजार २ सय २२ रुपैयाँ र तेस्रो पुरस्कार अर्थात अनुशासित टिमलाई ३ हजार ३ सय ३३ रुपैयाँ वितरण गरिने अध्यक्ष गुरागाईंले बताए ।

बाँकी ४ पेजमा ▸▸


**सुर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि. दमक-६, झापाको**

**कर्जा नबुझाउने ऋणीको धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य बोलपत्रमा सहभागी हुने सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

*प्रकाशित मिति : २०८३।०५।०३ गते बुधबार पूर्वसन्देश दैनिक*

यस संस्थाबाट कर्जा सुबिधा लिंदा गरेको सर्त अनुसार म्याद भित्र कर्जाको सावा, व्याज समेत नबुझाउनु भएको र कर्जाको सावा व्याज समेतको रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक, जानकारी, मिति २०८२।०४।२० गते पूर्वसन्देश राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना र मिति २०८३।०२।२० मा धितो लिलाम बिक्रीमो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत यस संस्थालाई तिर्न/बुझाउनु पर्ने सावा र व्याज रकम नबुझाएको तथा तिरे/बुझाएको प्रमाण पेश नगरेका हुँदा, ऋणी सदस्यले कर्जा सुरक्षण बापत उपलब्ध गराएको धितो शिलबन्दी बोलपत्रद्वारा लिलाम डाक बडाबड प्रकृया मार्फत बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५को दफा ३०, संस्थाको पुनरलिखित विनियम २०८० तथा नेपाल सरकारको प्रचलित ऐन कानन् बमोजिम संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने भएकाले तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति सकार गरी लिन ईच्छुकहरुलाई तपशिलका शर्तहरुको अधिनमा रहि गोप्य बोलपत्रमा सहभागी हुन यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

**ऋणीको बिबरण**



नाम- लोक बहादुर अधिकारी
बाबु- दल बहादुर अधिकारी
बाजे- पदमसिंह अधिकारी
ठेगाना- शिवगंज-९, झापा
हाल ठेगाना- दमक-५,झापा
ना.प्र.नं.- ८५२४२०८६७ झापा
जारी मिती- २०४३।०३।१६

**जमानत दिनेको बिबरण**



नाम- मदन कुमार अधिकारी
बाबु- चन्द्र केशर अधिकारी
बाजे- रत्न बहादुर अधिकारी
ठेगाना- दमक-१०, झापा
हाल ठेगाना- दमक-५,झापा
ना.प्र.नं.- २३११६०३१ झापा
जारी मिति- २०५२।०३।१५

**जमानत दिनेको बिबरण**



नाम- रमेश अधिकारी
बाबु- चन्द्र केशर अधिकारी
बाजे- रत्न बहादुर अधिकारी
ठेगाना- दमक-७, झापा
हाल ठेगाना- दमक-५,झापा
ना.प्र.नं.- २३११२८७ झापा
जारी मिती- २०४६।१२।२९

**धितो दिएको जग्गाको बिबरण**

शिवगंज- ९ ग, (हाल शिसताक्षी-७ झापा), कि.नं.१३१,१०८९ र १२६५ को क्षेत्रफल क्रमश: ०-१०-०, ०-१४-० र ०-६-१७.७५ जग्गा ।

**न्युनतम मूल्य** : २,१४,४५,०००। (अक्षरेपी दुई करोड चौध लाख पौतालिस हजार मात्र)

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरू**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराम रू.१०० तिरी उपलब्ध हुनेछ र आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षण जे जस्तो अवस्था सोही अवस्थामा,मिति २०८३।०५।१७ गतेका दिन दिउँसो १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्र मिति २०८३।०५।१७ गते दिनको ४:०० बजे संस्थाको कार्यालयमा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत सप्तकेशी डेभलभमेन्ट बैंक दमक शाखाको खाता नं. ०२९००००१३२००१ मा जम्मा गरेको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत् हुनेछ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्र रद्द गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा स्वयम्ले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ।

**पुनश्चत** : धितोबन्धक लेखिदिनेलाई सूचना - उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै धितो लिलाम हुने लिखित जानकारी यो सूचना प्रकाशन भएको पत्रिका सहित सम्बन्धित ऋणीको घर ठेगानामा हुलाक मार्फत पठाइएको छ। सो प्राप्त नभएमा पनि यसै सूचनालाई जानकारी प्राप्त भएको मानिनेछ। सूचनाको म्याद भित्र यथाशिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रि कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ।

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, झापा (फोन: ०२३-५७५४०१/५७५६०१)


## जुट खेतीतर्फ किसान आकर्षित

इटहरी । भोक्राहा नरसिंह गाउँपालिका-३ का तारा मण्डलले एक बिघा क्षेत्रफलमा जुटखेती गरेका छन् । जुट काटेर डाँठबाट रेसा निकाल्ने चटारो छ । उनको खेतमा अहिले दैनिक सात जना श्रमिक ज्यालादारीमा काम गरिरहेका छन् ।

मण्डलले भने, "जुटखेतीमा श्रम र समय दुवै धेरै लाग्छ । चैत वैशाखमा बीउ छरेपछि मल हाल्ने, गोडमेल गर्ने र झारपात उखाल्ने काम गर्नुपर्छ त्यसपछि जुट काटेर करिब एक हप्तासम्म पानीमा डुबाएर राख्नुपर्छ त्यसपछि डाँठबाट रेसा निकालेर घाममा सुकाइन्छ र भोजा बनाएपछि मात्रै बजारमा बिक्रीका लागि तयार हुन्छ ।"

यो खेतीमा मेहनत धेरै छ, तर अहिले मूल्य राम्रो भएकाले आम्दानी पनि राम्रो हुन थालेको छ । उनले वार्षिक १५ देखि २० क्विन्टलसम्म

बाँकी ४ पेजमा ▸▸

## हम्सेदुम्से सामुदायिक वनमा परिषद सदस्य छनौट

**दमक**/ हम्सेदुम्से सामुदायिक वन उपभोक्ता समूहको नयाँ नेतृत्व चयन गर्नका लागि परिषद सदस्य निर्वाचन सम्पन्न भएको छ । निर्वाचन कार्यक्रम अन्तर्गत पहिलो चरणमा ब्लक मार्फत छनौट हुने परिषद सदस्यहरुको निर्वाचन सकिएको गठित निर्वाचन समितिले जनाएको छ । निर्वाचन सम्पन्न गर्न नेपाल रेडक्रस सोसाईटी दमक पालिका शाखाकी संयोजक गोमा बुढाथोकीको संयोजकत्वमा ७ सदस्यीय एक निर्वाचन समिति गठन गरिएको थियो ।

रेडक्रस दमक शाखा तदर्थ समितिकी संयोजक बुढाथोकीका अनुसार वनको परिषद सदस्यका लागि ब्लक निर्वाचनबाट १२६ जना परिषद सदस्यहरु छनौट भएका छन् । उनले भनिन्, -'निर्वाचन समितिले वन उपभोक्ता समितिको नयाँ नेतृत्व चयन गराउन विधान अनुसार निर्वाचन प्रकृया गरिरहेको र अव परिषद सदस्यहरुमार्फत छिट्टै नै कार्यसमिति चुन्ने गरि निर्वाचन कार्यतालिका सार्वजनिक गर्ने छौं । ' परिषद सदस्य छनौट पछि अव नयाँ कार्यसमिति चयनका लागि थप निर्वाचन कार्यक्रम अघि बढाउन उपभोक्ता तथा सरोकार पक्षहरुसंग छलफल भईरहेको निर्वाचन समितिकी संयोजक बुढाथोकी प्रसाईले बताईन् । दमकको एकमात्र उक्त बन समूह वडातहमा ७ ब्लक कायम गरिएका छन् ।

२१ सदस्यीय कार्यसमिति चयन हुने सो निर्वाचनमा परिषद सदस्यहरु मतदाता रहने व्यवस्था छ । परिषद सदस्यहरुनै उम्मेदवार बन्न पाउने बनको कार्यकाल तीन वर्ष रहने छ । दमकको उत्तरी क्षेत्र दमक २ र ३ मा पर्ने उक्त वनमा दमकको वडान ४ हजार ३ सय २० धरधुरी आवद्ध छन् । सदस्यहरु मध्ये निर्वाचनमा भने १०७३ ले मात्र नविकरण गराएका थिए । तर,निर्वाचनमा ६२५ मत खसेको थियो ।

बार्षिक ६५ लाख आम्दानी गर्दैआएको सो बनको नेतृत्वमा नेपाली कांग्रेस,नेकपा एमाले, नेकपा, राप्रपा ,रास्वपालगायतका दलले प्रतिनिधि छनौटदेखि कार्यसमितिको निर्वाचनसम्म दलीय सहकार्य गरि निर्वाचनमा होमिएका छन् ।

## १ महिनामा ७० हजार बढीले श्रम स्वीकृति लिए

**दमक**/ वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार सन् २०२६ जुलाई १७ देखि अगस्ट १६ (साउन महिना) सम्मको अवधिमा ७० हजार ४ सय ४१ नेपालीले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति पाएका छन् ।

विभागको तथ्याङ्क अनुसार यस अवधिमा श्रम स्वीकृति लिनेमा पुरुषको संख्या ६० हजार ४ सय ७२ र महिलाको संख्या ९ हजार ९ सय ६९ रहेको छ।

कुल स्वीकृत संख्यामध्ये नयाँ श्रम स्वीकृति लिने (पुन: श्रम स्वीकृति बाहेक) नेपालीको संख्या ४२ हजार ६ सय ९३ रहेको छ, जसमा ३६ हजार ३ सय ३९ पुरुष र ६ हजार ३ सय ५४ महिला छन् । त्यसैगरी, २७ हजार ७ सय ४८ जनाले पुन: श्रम स्वीकृति लिएका छन् ।


**Log on गर्नुहोस्**
**purbasandesh.com**
**EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्**



**कर्मचारी आवश्यकता**

यस **मोडल बचत तथा ऋण सहकारी संस्था,** दमक ६,झापालाई कार्यालय लेखापाल पदका लागि कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिहरु बाट दरखास्त आव्हान गरिन्छ ।

- **पद : लेखापाल**
- **संख्या : १ जना**
- **शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा अर्थशास्त्र विषयमा +2 गरेको हुनुपर्ने छ ।**
- **सेवा /सुविधाहरु: संस्थाको नियमअनुसार हुनेछ ।**
- **आवश्यक कागजात: हस्तलिखित निवेदन,नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पिपि साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।**
- **आवेदन दिने अन्तिम मिति : २०८३ भाद्र १० गते कार्यलय समयभित्र ।**

**मोडल बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, जेसीज चोक (झापा) (फोन:०२३-५७५९८८/९८०११५०३४०)

## सम्पादकीय

### जापानिज इन्सीलाइटिसको बढ्दो जोखिम

झापामा वर्षायाम सुरू भएसँगै जापानिज इन्सेफ्लाइटिस (जेई) को सङ्क्रमण चिन्ताजनक रुपमा फैलिएको छ । स्वास्थ्य कार्यालय झापाका अनुसार जिल्लाका मेचीनगर, हल्दिबारी, बाह्रदशी, कचनकवल, बिर्तामोड र अर्जुनधारा जस्ता क्षेत्रहरुमा हालसम्म १० जनामा सङ्क्रमण पुष्टि भइसकेको छ । सङ्क्रमितमध्ये सात महिनाका बालकसमेत हुनु र आधा अर्थात् पाँच जनाको ज्यान गइसकेको तथ्यले यस रोगको गम्भीरता र जोखिमलाई स्पष्ट पार्छ । यो तथ्यांकले सङ्क्रमण कुनै एउटा क्षेत्रमा मात्र सीमित नरही जिल्लाभर फैलिरहेको डरलाग्दो चित्र प्रस्तुत गरेको छ ।

लामखुट्टेको टोकाइबाट सर्ने जापानिज इन्सेफ्लाइटिस रोकथाम गर्न सकिने भए पनि बेवास्ता गरिए ज्यानै लिने घातक रोग हो । वर्षायाममा जम्ने पानी, सुँगुर-बंगुर तथा हाँसपालन गरिएका क्षेत्र र लामखुट्टेको तीव्र वृद्धिले यसको जोखिमलाई झनै बढाउँछ । ५० प्रतिशत सङ्क्रमितको मृत्यु हुनुले हाम्रो स्थानीय स्वास्थ्य संयन्त्रको पूर्वतयारी, द्रुत पहिचान र उपचार प्रणालीमा अझै ठूलो सुधारको खाँचो रहेको देखाउँछ । नागरिकस्तरमा चेतनाको कमी र समयमै अस्पताल नपुग्ने प्रवृत्तिले पनि क्षति बढाउन ठूलो भूमिका खेलेको छ ।

यस विषम परिस्थितिमा रोग नियन्त्रणका लागि तत्काल बहुपक्षीय कदम चाल्न अनिवार्य भइसकेको छ । लामखुट्टेको टोकाइबाट बच्न झुलको नियमित प्रयोग गर्ने, शरीर ढाक्ने कपडा लगाउने र घर वर पर पानी जम्न नदिने जस्ता आधारभूत सतर्कताबारे व्यापक जनचेतना फैलाउनु पहिलो आवश्यकता हो । साथै, सङ्क्रमण पुष्टि भएका र जोखिमयुक्त क्षेत्रहरुमा पालिका तहबाट तत्काल 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै किटनाशक औषधी छर्कने कार्यलाई तीव्रता दिनुपर्छ । यसका साथै जोखिमयुक्त क्षेत्रका नागरिकलाई खोपको दायरमा ल्याउने र स्वास्थ्य संस्थाहरुमा द्रुत उपचारको व्यवस्था मिलाउनेतर्फ दायित्वबोध हुनुपर्छ ।

जापानिज इन्सेफ्लाइटिस केवल स्वास्थ्य क्षेत्रको मात्र नभई सम्पूर्ण समुदायको साझा चुनौती हो । सर्वसाधारणले व्यक्तिगत सरसफाइ र सतर्कतामा ध्यान दिनु जत्तिकै आवश्यक स्थानीय सरकार र स्वास्थ्य प्रशासनको सक्रियता पनि छ । बेलैमा ध्यान नदिए यसले अझ भयावह रुप लिन सक्ने भएकाले ढिलाइ नगरी एकीकृत नियन्त्रण प्रयास सुरू गरिहाल्नुपर्छ ।

## संसदीय मर्यादा कायम गर्न सभामुखको निर्देशन





दमक । प्रतिनिधि सभाको बैठकमा सभामुख डोलप्रसाद अर्यालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद आशिका तामाङलाई संसदीय मर्यादा र गरिमामा रहेर प्रस्तुत हुन निर्देशन दिएका छन् । परराष्ट्रमन्त्री शिशिर खनालले दिएको जवाफप्रति असन्तुष्टि जनाउँदै सांसद तामाङले थप प्रश्न गर्न समय मागेपछि बैठकमा विवाद उत्पन्न भएको हो । केही दिनअघि सांसद तामाङले उठाएका विषयमा परराष्ट्रमन्त्री खनालले बैठकमा जवाफ दिएका थिए ।

मन्त्रीको जवाफ चित्त नबुझेको भन्दै तामाङले थप स्पष्टीकरण माग गरेकी थिइन् । उनले प्रश्न गर्नका लागि समय माग गरे पनि सभामुख अर्यालले प्रतिनिधि सभा नियमावलीको व्यवस्था उल्लेख गर्दै थप प्रश्नका लागि समय उपलब्ध नरहेको जानकारी गराए । सभामुखले पटक-पटक आफ्नो आसनमा बस्न आग्रह गरे पनि तामाङले प्रश्न गर्ने अडान कायम राखेपछि अर्यालले उनलाई संसदीय मर्यादा र सभाको गरिमाको ख्याल गर्न निर्देशन दिएका थिए । सभामुखले थप बोल्ने समय नदिएपछि र आफूले स्पष्टीकरण राख्ने अवसर नपाएको भन्दै सांसद तामाङ बैठकबाट बाहिरिएकी थिइन् ।

## सामाजिक सञ्जाल

### म व्यक्तिगत रूपमा हिन्दु धर्म मान्छु



**शेरबहादुर देउवा**
**पूर्वप्रधानमन्त्री**

नेपाली कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको धार्मिक पहिचानका विषयमा बोल्दै आफू व्यक्तिगत रूपमा सनातन हिन्दु धर्मप्रति आस्थावान रहेको बताएका छन् ।

काठमाडौँको सुकेधारामा आयोजित इतर समूहको ३ दिने राष्ट्रिय भेलाको समापन समारोहमा देउवाले भने, 'म व्यक्तिगत रूपमा हिन्दु हुँ। मैले हिन्दु परम्पराअनुसार व्रतबन्ध गरेको छु, विवाह गरेको छु । म पशुपति जान्छु र पूजाआजा गर्छु । तर देशमा (धर्मका विषयमा) के हुने वा नहुने भन्ने कुरा जनताको निर्णयमा भर पर्छ । देशमा सबैका लागि धार्मिक स्वतन्त्रता हुनुपर्छ ।'

कार्यक्रममा सहभागी एक प्रतिनिधिले 'हिन्दु राष्ट्र' बारे धारणा माग्दै बुझाएको पत्रको जवाफ दिँदै देउवाले सो कुरा बताएका हुन् ।

सम्बोधनका क्रममा देउवाले नेपालको न्यायलयप्रति आफ्नो उच्च सम्मान रहेको बताए । 'सर्वोच्च अदालतदेखि सबै न्यायालयले हिजोदेखि हामीलाई न्याय दिँदै आएका छन्,' देउवाले विगत सम्झँदै भने, 'पञ्चायतले थुन्दा होस् वा राजाले शाही आयोग बनाएर थुन्दा, न्यायालयले नै खारेज गरेर मलाई बचाएको हो । न्यायालयकै कारण आज म यहाँसम्म आइपुगेको छु ।'

# विद्यार्थीमा अनुशासनको सीमारेखा



✍ प्रेमनारायण भुसाल

> शिक्षाले व्यक्तिलाई प्रतिस्पर्धी र अरुलाई पछि पार्दै आफू अघि बढ्न सक्ने बनाउँछ भन्ने परम्परागत धारणामा परिवर्तन ल्याई सहकार्य, सामूहिक सहभागिता र ज्ञानप्राप्तिभन्दा ज्ञान निष्पादनका आयाम महत्वपूर्ण हुने आधुनिक शिक्षण पद्धतिको सक्षमतामा आधारित मान्यता क्रमशः पाठ्यक्रमका माध्यमबाट विद्यालय तहमा लागु गरिँदै छ ।

शिक्षण पेसा दिनानुदिन चुनौतीपूर्ण बन्दै गएको छ । पछिल्लो समय सूचना प्रविधिको पहुँच विस्तार, ग्याजेट संस्कृति र आचारसंहिताबिनाको सामाजिक सञ्जालले सामाजिक प्रकार्यमै परिवर्तन ल्याएको छ ।

बाल अधिकारका क्षेत्रमा गरिएका संवैधानिक र कानुनी प्रावधान तथा पाश्चात्य विकसित मुलुकका अभ्यास एकै पटक लागु गर्न खोज्दा विद्यालय, विद्यार्थी र अभिभावकका बिचमा अस्पष्टता र अन्योलता बढेको छ । विद्यालयलाई परम्परागत रूपमा नियन्त्रण र सिकाइ दुवैको केन्द्र मानिँदै आएको अवस्थामा शिक्षामा विकास भएका आधुनिक प्रवृत्ति र बालबालिकाको मनोसामाजिक पक्षलाई सकारात्मक रूपले प्रवर्धन गर्ने उद्देश्यले विद्यालय मूलतः सिकाइ केन्द्र बन्नु पर्छ, सुधारगृह वा जेल जस्तै नियन्त्रण गर्ने स्थान बन्नुहुँदैन भन्ने मान्यता अहिले विश्वव्यापी रूपमा स्थापित हुँदै गएको छ । यस मान्यताबाट नेपाली समाज र नेपाली शिक्षण पद्धति अछुतो रहन सक्दैन ।

शिक्षाले व्यक्तिलाई प्रतिस्पर्धी र अरुलाई पछि पार्दै आफू अघि बढ्न सक्ने बनाउँछ भन्ने परम्परागत धारणामा परिवर्तन ल्याई सहकार्य, सामूहिक सहभागिता र ज्ञानप्राप्तिभन्दा ज्ञान निष्पादनका आयाम महत्वपूर्ण हुने आधुनिक शिक्षण पद्धतिको सक्षमतामा आधारित मान्यता क्रमशः पाठ्यक्रमका माध्यमबाट विद्यालय तहमा लागु गरिँदै छ । यस परिवर्तनले नयाँ पुस्तालाई जति उत्साहित बनाएको छ पुरानो पुस्ता त्यति नै त्रसित देखिन्छ । परिवर्तन आफैँमा प्रिय शब्द भए पनि आफ्नो भूमिका स्पष्ट नभएका सन्दर्भमा व्यक्ति परिवर्तनका लागि हिच्किचाउँछ ।

प्रायः पुराना शिक्षक कक्षाकोठामा विद्यार्थीलाई नियन्त्रण गर्ने उपायका रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शारीरिक वा मानसिक दण्डलाई अवलम्बन गरेकै देखिन्छन् । विद्यार्थीलाई छुन वा मौखिक रूपमै समेत चोट पुर्‍याउन नपाउने भन्ने मान्यता कार्यान्वयन गर्न खोज्दा अब विद्यालयबाट अनुशासन भन्ने कुरा समाप्त भयो भन्ने निष्कर्षमा एकथरी शिक्षक र अभिभावक पुगेको देखिन्छ । अर्कातिर नेपालको संविधान २०७२ लाई टेकेर निर्माण भएको बालबालिकासम्बन्धी ऐन, २०७५ र बालबालिकासम्बन्धी नियमावली २०७७ मा भएका व्यवस्थालाई विद्यालय तहमै कार्यान्वयनका लागि प्रायः सबै जसो स्थानीय तहले बाल संरक्षण कार्यविधि निर्माण गरी विद्यालयमा लागु गर्न थालेका छन् । यसले प्रत्यक्ष रूपमा विद्यालय दण्ड वा यातना दिने ठाउँ होइन, उनीहरूको सर्वाङ्गीण विकासको महत्वपूर्ण आधारस्तम्भ हुन् भन्ने कुरालाई स्थापित गर्न खोजेको छ ।

विद्यालय बाह्य क्षेत्रबाट मात्र होइन, स्वयम् आन्तरिक रूपमा समेत शान्ति क्षेत्र बन्नु पर्छ । दण्डले क्षणिक रूपमा अनुशासित र नियन्त्रित वातावरण कायम गरे जस्तो देखिए पनि दीर्घकालीन रूपमा विद्यार्थीको व्यक्तित्व विकासमा बाधा नै पुर्‍याउँछ भन्ने प्रमाणित पनि भएको छ । चाहे शारीरिक होस् वा मानसिक दुवै प्रकारका दण्ड सभ्य समाजका लागि स्वीकार्य हुनै सक्दैनन् ।

अभिभावक, विद्यालय र शिक्षक तीनै पक्ष यस सत्यलाई स्वीकार गरी आफूलाई समयानुकूल रूपमा समायोजन गर्नतिरै लाग्नु पर्छ । यसका विपरीत नयाँ पुस्ता वा विद्यार्थीलाई आफू अनुकूल नै बनाउँछु भनेर लाग्ने हो भने न विद्यार्थीको व्यक्तित्व विकास हुन्छ न त सभ्य समाजको नै निर्माण हुन सक्छ । यस सन्दर्भमा आफूलाई सर्वाधिक परिवर्तन गर्न अग्रसर हुनुपर्ने पक्ष शिक्षक नै हुन् । शिक्षण पेसामा संलग्न भएकाले राज्यले निर्माण गरेका कानुनका आधारमा आफूलाई परिवर्तन गराउनु उनीहरूको अनिवार्य सर्त पनि हो ।

अर्कातिर शिक्षक र विद्यार्थी परिवर्तन भए पनि प्रायः अभिभावकको मनोविज्ञान भने बच्चाले सम्पूर्ण अधिकार प्राप्त गर्नु पर्छ अनि उनीहरूलाई बिग्रनबाट बचाउने जिम्मेवारीसमेत शिक्षककै हो भनी आफू जिम्मेवारीबाट पन्छिने देखिन्छ । यसको ज्वलन्त उदाहरण हालसालै विभिन्न क्षेत्रमा शिक्षक विद्यार्थीबिच भएका विवाद र तिनले सिर्जना गरेका समस्याबाटै प्राप्त गर्न सकिन्छ । घरमा आफूले बच्चालाई नियन्त्रण वा व्यवस्थापन गर्न नसक्ने तर विद्यालयले उनीहरूलाई व्यवस्थापन गर्ने काम गर्नु पर्छ भन्ने एकाग्री आग्रह बालबालिकाको वृद्धि र विकास सिद्धान्त अनुकूल छैन ।

नेपाली समाजमा पछिल्लो केही दशकमा कर्तव्यभन्दा अधिकारको बढी वकालत गर्ने प्रवृत्ति हाबी भएको छ । परिवर्तनसम्बन्धी नीति नियम वा कानुन बन्नासाथ अधिकारको तुलो निकै गह्रुङ्गो हुने गरेको छ । यसले केही समय पुरानो विधि र पद्धति त कामै नलाग्ने रहेछ भन्ने भाष्यसमेत निर्माण गर्ने गरेको छ । विद्यालय तहमा समेत यस्तै अवस्था नहोला भन्न सकिँदैन ।

विद्यार्थीलाई कुनै किसिमको दबाब दिन नपाउने भन्ने कुरालाई मात्र आधार मान्ने हो भने शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउनका लागि शिक्षकले अवलम्बन गरेका बालबालिकाका सर्वोपरि हितसम्मत विषयलाई समेत फरक किसिमले व्याख्या गरी शिक्षकलाई निरूत्साहित गर्ने वा अनुशासनको दायरामा ल्याउने सम्भावनासमेत बढ्छ ।

विद्यालय तह खास गरी १० जोड २ मा डिसिप्लिन इन्चार्ज अर्थात् डिआईका रूपमा डन प्रवृत्तिका मान्छेलाई नियुक्त गर्ने अनि विद्यार्थीलाई तर्साउने प्रवृत्तिले विद्यालय कारागार जस्तै बनेका थिए । शिक्षाविद् तथा बौद्धिक समूह शिक्षामा यस प्रकृतिका क्रियाकलाप हुनुहुँदैन भनेर दशक अगाडिदेखि नै आवाज उठाइरहेका थिए । विगत केही वर्ष यस्ता अभ्यास र यिनले सिर्जना गरेका दुर्घटनाका समाचार धेरै नै देखिए ।

शिक्षाक्षेत्रलाई नै बदनाम गर्न सक्ने र दुर्घटना निम्त्याउने यस प्रकारका क्रियाकलाप नियन्त्रण गर्न राज्यले पहल कदमी लियो । जसले हिजोको गलत अभ्यासलाई नियन्त्रण गर्ने काम गर्‍यो जुन स्वागतयोग्य छ । केही ठुला भनिएका विद्यालयले डिआईलाई काउन्सिलिङ इन्चार्ज अर्थात् सिआईमा रूपान्तरण गरी अहिले पनि पूर्ववत् रूपमै विद्यार्थीलाई यातना दिइरहेका छन् । त्यस्ता विद्यालयमा अभिभावकसँग गरिएको सम्झौताका नाममा विद्यार्थीलाई जबरजस्ती नियन्त्रण गर्ने काम भइरहेको छ । जुन कुरालाई विद्यालयमै अध्ययनरत र पूर्वविद्यार्थीले विभिन्न सामाजिक प्लेटफर्मका माध्यमबाट सार्वजनिक पनि गर्दै आएका छन् । यिनै ठुला भनिएका कलेज वा विद्यालयकै कारण विद्यालय कारागार बने भन्ने भाष्य स्थापित भएको हो ।

सरकारले विद्यार्थीको अनुमतिबिना कपाल काटिदिन नपाउने, उनीहरूले गरेका काम, अवलम्बन गरेका व्यवहारका बारेमा आलोचना गरी विद्यार्थीलाई लज्जित बनाइ मानसिक यातना दिन नपाउने भनी निर्देशिका जारी गरेको छ । यसले विद्यार्थीलाई उनीहरूको इच्छाबिना नियन्त्रण गर्ने वा अनुशासन सिकाउने नाममा दुर्व्यवहार गर्नुहुँदैन भन्ने कुरालाई केन्द्रमा राखेको छ ।

निर्देशिकाले बालअधिकार संरक्षणका लागि यस प्रकारको व्यवस्था गरेको हो । यसो भन्दैमा विद्यालयको वातावरण नै खलबलिने गरी सामाजिक मूल्य मान्यतालाई नै चुनौती दिने गरी गलत किसिमका अभ्यास विद्यालयभित्र गर्न पाउनु पर्छ भन्ने मनसाय निर्देशिकाको होइन । सामान्य रूपमा निर्देशिका जारी गरिएको भए पनि विद्यालयलाई निर्देशिकाको वा प्रचलित कानुनको प्रतिकूल नहुने गरी विद्यार्थीकै प्रत्यक्ष सहभागितामा आफ्नो अनुशासन आचारसंहिता निर्माण गर्न पाउनु पर्छ भन्ने कुरालाई समावेश निषेध गरेको देखिन्न । यस सन्दर्भमा विषयवस्तुलाई स्पष्ट पार्न विद्यालयले निर्माण गर्ने आचारसंहिता बालबालिकाकै संलग्नतामा र बालमैत्री नै हुनुपर्ने भन्ने बाध्यात्मक व्यवस्था राखी विद्यालयलाई समसामयिक आचारसंहिता निर्माण गर्न राज्यले निर्देश गर्नु पर्छ ।

आचारसंहितामा कुनै पनि आर्थिक कुरा विद्यार्थीसँग जोडिनु हुँदैन । अभिभावकले शुल्क नतिरेकै कारण वा अन्य कुनै बहानामा विद्यार्थीलाई परीक्षाबाट वञ्चित गर्नुहुँदैन । यो अथवा त्यो नाममा शारीरिक वा मानसिक दण्ड दिनै नपाइने व्यवस्था गरी विद्यालयको पोसाक वा अन्य विषयमा विद्यार्थीमैत्री र समसामयिक नीति निर्माण गर्न सक्ने वातावरण नबनाउने हो भने राज्यले जारी गरेको निर्देशिकाले अनुशासन र यातनाका बिच सीमारेखा खिच्न सक्दैन । जसले वर्तमान व्यवस्थालाई खलबल्याउन त सक्छ तर यसभन्दा उत्तम अर्को पद्धति विकास गर्न सहयोग पुर्‍याउँदैन । परिवर्तनका चरणमा सामान्यतया कर्तव्य र अधिकारको सीमारेखा तय नभइदिँदा पद्धति भताभुङ्ग हुने र त्यसैको सुधार र पुनर्स्थापनामा लामो समय खर्चिनुपर्ने छ । गोप

## अनलाइन व्यापार गर्नेलाई अनिवार्य सूचीकृत हुन सरकारको निर्देशन

दमक/ वेबसाइट, एप्लिकेसन र सामाजिक सञ्जाल लगायतका विद्युतीय माध्यमबाट वस्तु तथा सेवाको व्यापार (ई-कमर्स) गर्ने व्यवसायीहरूले अब अनिवार्य रूपमा सूचीकृत गर्नुपर्ने भएको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक जरूरी सूचना जारी गर्दै सम्पूर्ण विद्युतीय व्यापार गर्ने व्यवसायीहरूलाई विभागको पोर्टलमा अनिवार्य सूचीकृत हुन निर्देशन दिएको हो ।

पछिल्लो समय विद्युतीय माध्यम र डिजिटल भुक्तानी प्रणालीको प्रयोग गरी उपभोक्तालाई भ्रम छर्ने, ठगी गर्ने र गुणस्तरहीन वस्तु तथा सेवा बिक्री-वितरण गर्ने जस्ता गुनासोहरु तीव्र रूपमा बढेपछि विभागले नियमनमा कडाइ गरेको हो ।

विभागले 'विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१' र 'विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका, २०८२' कार्यान्वयनमा आइसकेको स्मरण गराएको छ । ऐनको दफा ४ बमोजिम व्यवसाय गर्नुपूर्व विद्युतीय प्लेटफर्म स्थापना गर्नुपर्ने र दफा ५ बमोजिम विभागको पोर्टलमा अनिवार्य रूपमा सूचीकरण हुनुपर्ने कानुनी व्यवस्था रहेको सूचनामा उल्लेख छ ।

विभागका अनुसार कम्प्युटर, मोबाइल वा यस्तै विद्युतीय उपकरणको प्रयोग गरी वेबसाइट, एप्लिकेसन, स˜टवेयर, इन्टरनेट र सामाजिक सञ्जालको मार्केटप्लेस लगायतका माध्यमबाट हुने सूचना संकलन, सम्प्रेषण र वस्तु तथा सेवाको कारोबार ई-कमर्स अन्तर्गत पर्दछन् । यसभित्र दैनिक उपभोग्य वस्तुदेखि लिएर शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, बैंकिङ, बिमा, मर्मत सम्भार लगायतका सम्पूर्ण सेवाहरु पर्नेछन् ।

विभागले तोकिएको प्रक्रिया पूरा गरी सूचीकृत भएर र प्रचलित कानुनको पूर्ण पालना गरेर मात्र व्यवसाय सञ्चालन गर्न सरोकारवालाहरूलाई आग्रह गरेको छ ।

यस सूचनाको बेवास्ता गरी सूचीकृत नभएका वा गैर-कानुनी विद्युतीय प्लेटफर्मबाट व्यवसाय सञ्चालन गरेको पाइएमा 'विद्युतीय व्यापार ऐन, २०८१' तथा अन्य प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही हुने चेतावनी समेत विभागले दिएको छ ।

## धर्मका कुरा

### सनातन धर्म भनेको के हो ?



सनातन धर्म भनेको परापूर्वकालदेखि चलिआएको त्यही मानवीय सद्गुणरूप धर्म हो । यो सनातन धर्म कसैले चलाएको नयाँ धर्म होइन । त्यसैले यस धर्मका प्रवर्तक कोही व्यक्ति हुँदैनन् । साक्षात् ईश्वर नै यस धर्मका प्रवर्तक हुनुहुन्छ । सनातन धर्म विश्वको सबैभन्दा पुरानो तर वैज्ञानिक धर्म मानिन्छ । विश्वको सबैभन्दा पुरानो ग्रन्थ वेद हो । वेदको अधारमा व्याख्या गरिने भएको हुनाले सनातन धर्मलाई वैदिक सनातन धर्म पनि भनिन्छ ।

हिन्दु धर्म र सनातन धर्ममा के फरक छ ?

वैदिक सनातन धर्मलाई नै अचेल हिन्दु धर्म भनिन्छ । वेदमा सिन्धु भनिन्थ्यो भने कालिका पुराण, मेरूतन्त्र, शार्ङ्गधर पद्धति आदि ग्रन्थहरूमा हिन्दुशब्दको प्रयोग छ । सनातन धर्मलाई हिन्दु धर्म भन्नुमा यी ५ कारणहरु प्रमुख छन् :

१. हिंसाबाट दूर टाढा रहने भएको हुनाले हिन्दु भनिएको हो ।

२. हीन आचरण र हीन विचारलाई दोष दिने भएकोले हिन्दु भनिएको हो ।

३. कठोर साधनाबाट शरीरका र मनका दोषलाई हिंसित (नष्ट) गर्ने भएकाले हिन्दु भनिएको हो ।

४. हिंकारको शब्द गर्ने गाईलाई दुहुने वा सम्मान गर्ने भएकोले हिन्दु भनिएको हो ।

५. हिमालयदेखि इन्दुसरोवरसम्मको सदाचार पद्धति भएकोले हिन्दु भनिएको हो ।

हिन्दुको लक्षण के हो ?

ॐ कारलाई मूल मन्त्र मान्ने, सदाचार (राम्रो आचरण) मा रहने, पिता, माता र गुरूजनलाई श्रद्धा गर्ने, वेदशास्त्रको वचन पालन गर्ने, गाई, गङ्गा, तुलसी र देवमूर्तिको पूजा गर्ने, ईश्वरमा आस्था राख्ने व्यक्तिलाई हिन्दु भनिन्छ । हिन्दुधर्ममा जाति वर्ग र समुदायको पक्षपात छैन । यो सबैका लागि समान रूपले सम्मान गर्न सिकाउने धर्म हो ।

# खेतबारीमा बाँदरको उपद्रोले अन्नबाली जोगाउनै मुस्किल



भोजपुर / भोजपुरमा बाँदरको बढ्दो उपद्रोले किसानको वर्षभरको मेहनत जोखिममा परेको छ । मकैलगायतका अन्नबाली पाक्ने समयमा खेतबारीमा बाँदरको झुन्ड पसेर बालीनाली नष्ट गर्न थालेपछि किसानलाई अन्नबाली जोगाउन मुस्किल भएको हो ।

विशेष गरी अहिले मकै पाक्ने समय भएकाले जिल्लाका विभिन्न क्षेत्रमा बाँदरको आतंक बढेको किसानको भनाइ छ । विशेष गरी तल्लो भेग तथा वनजङ्गल आसपासका बस्तीमा बाँदरको उपद्रो बढी देखिएपछि किसानलाई अन्नबाली जोगाउन समस्या भएको छ ।

भोजपुरका नौ वटै स्थानीय तहका अधिकांश भू-भागमा बाँदरको समस्या देखिएको छ । मकै पाक्ने समयमा खेतबारीमा बाँदरको हुल पस्ने र केही समयमै अन्नबाली सखाप बनाउने गरेको किसानको दुखेसो छ ।

भोजपुर नगरपालिका-४ का स्थानीय कुमार राउतले बाँदर नियन्त्रणका लागि तत्कालीनसँगै दीर्घकालीन उपाय खोज्नुपर्ने बताए । वर्षभरि मेहनत गरेर लगाएको बाली पाक्ने बेलामा बाँदरले नष्ट गरिदिन्छन्, उनले भने, खेतबारीमा गएर दिनभरि कुर्नुपर्ने अवस्था छ । यसको दीर्घकालीन समाधानका लागि सरकारले प्रभावकारी योजना ल्याउनुपर्छ ।

बाँदरले मकैबालीसँगै तरकारी तथा बगैँचाका फलफूलमा क्षति पुऱ्याउन थालेपछि किसान थप समस्यामा परेका छन् । बालीनाली जोगाउन किसानले खेतबारीमा स-साना टहरा बनाएर नियमित रूपमा निगरानी गर्ने गरेका छन् । परिवारका दुईदेखि तीन जनासम्म दैनिक रूपमा खेतबारीमा खटिएर बाँदर धपाउनुपर्ने अवस्था रहेको किसानको भनाइ छ ।

डिभिजन वन कार्यालय भोजपुरका प्रमुख खुद्दुस मियाँले किसानको मागका आधारमा स्थानीय तह तथा किसानलाई बाँदर धपाउने यन्त्र वितरण गरिएको बताए । "बाँदरको समस्या धेरै ठाउँमा देखिएको छ", प्रमुख मियाले भने, "तत्कालका लागि बाँदर धपाउने यन्त्र वितरणलगायत उपाय अपनाइएको छ । तर समस्या दीर्घकालीन रूपमा समाधान गर्न थप प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक छ ।"

बाँदरको बढ्दो उपद्रोका कारण कतिपय स्थानीयले अन्नबाली जोगाउन नसकेर बस्ती नै छाड्नुपर्ने अवस्था आएको स्थानीय किसान बताउँछन् । खेतीपातीमा निर्भर परिवारलाई बाँदरको समस्या आर्थिकसँगै सामाजिक चुनौतीसमेत बन्दै गएको उनीहरूको भनाइ छ ।

किसानले बाँदर नियन्त्रणका लागि स्थानीय तह र सम्बन्धित निकायले समन्वय गरेर दीर्घकालीन योजना बनाउन माग गरेका छन् । अन्नबाली तथा फलफूलमा हुने क्षति न्यूनीकरणसँगै किसानको जीविकोपार्जन सुरक्षित गर्न राज्यले समस्या समाधानमा गम्भीर बन्नुपर्ने उनीहरूको भनाइ छ ।

## खानपिन-जीवन शैली

# तेजपत्ताः स्वास्थ्य र सौन्दर्यका लागि वरदान



दमक/ सामान्यतया हामी तेजपत्तालाई एउटा सुगन्धित मसलाका रूपमा मात्र चिन्छौँ, जसले तरकारी वा पुलाउको स्वाद बढाउँछ । तर, प्राकृतिक गुणले भरिपूर्ण तेजपत्ता सौन्दर्य निखारका लागि पनि उत्तिकै प्रभावकारी मानिन्छ । छाला ( त्वचा) र कपालको समस्या समाधानमा यसको प्रयोग निकै लाभदायक हुन्छ ।

**तेजपत्तालाई सौन्दर्यका लागि निम्न ५ तरिकाले प्रयोग गर्न सकिन्छः**

**१. अनुहारका काला दाग हटाउन**

यदि तपाईंको अनुहारमा डण्डीफोर वा अन्य कारणले काला दागहरु बसेका छन् भने तेजपत्ता निकै सहयोगी हुन्छ । यसका लागि तेजपत्तालाई पानीमा राम्ररी उमाल्ने र उक्त पानीले नियमित अनुहार धुने गर्नाले छाला सफा हुनुका साथै दागहरु बिस्तारै हराउँदै जान्छन् ।

**२. घामबाट डढेको छालाको सुरक्षा**

कडा घामका कारण छाला डढ्ने वा छालाको रंग असमान हुने समस्या छ भने तेजपत्ताको पानी प्रयोग गर्न सकिन्छ । यसले छालालाई प्राकृतिक शीतलता प्रदान गर्नुका साथै रंगमा एकरूपता ल्याउन मद्दत गर्छ ।

**३. रेशमी र चमकदार कपालका लागि**

कपालको प्राकृतिक चमक हराएको छ वा खस्रो भएको छ भने तेजपत्ताको पानीले कपाल धुने गर्नुहोस् । यसको नियमित प्रयोगले कपाललाई नरम, मुलायम र चमकदार बनाउन मद्दत गर्छ ।

**४. छालाको पोषण र सफाइ**


तेजपत्ताको पातलाई पिसेर लेप बनाउने र त्यसमा दही मिसाएर अनुहार तथा शरीरमा लगाउनाले छालाको गहिरो सफाइ हुन्छ । यसले छालालाई आवश्यक पोषण प्रदान गरी प्राकृतिक रूपमै चम्किलो बनाउँछ ।

**५. बलियो र सेतो दाँतका लागि**

तेजपत्ता दाँतको चमकका लागि पनि अचुक औषधि हो । तेजपत्तालाई घाममा सुकाएर धुलो बनाउने र उक्त धुलोले दाँत माझ्ने गर्नाले दाँतको पहेलोपना हट्छ । यसले दाँतलाई मजबुत बनाउनुका साथै मुस्कानमा चमक थप्छ ।



✍ डा. प्रेम खत्री




# नेपाली सामाजिक संस्कारहरूमा तिथिमितिको महत्व

**प्रस्तावना**

यस लेखको शीर्षकमा 'तिथिमिति लाई अनुप्रासका हिसाबले राखिए पनि लेखको मर्म र लेखकको उद्देश्यचाहिँ संस्कारमा तिथिको स्थान र महत्त्व चर्चा गर्नु नै रहेको छ ।

पूर्वीय दर्शनहरु, तिनका सहयात्रीका रूपमा रहेका विविध धार्मिक मतहरु र तिनकै आड र सिञ्चनमा विकसित नेपालको आर्य हिन्दु संस्कृतिमा तिथिको ठूलो महत्त्व रहिआएको छ । यो महत्त्व हाम्रा जनजीवन, दैनिक, सामाजिक र विशेष अवसर-पर्वहरूमा आयोजना गरिने संस्कार आदि अनुष्ठान-कार्यक्रमहरूमा झल्किन्छ ।

**ग्रहनक्षत्रको मानव जीवनमा प्रभाव**

यो विशाल ब्रह्माण्डमा वा ब्रह्माण्डहरूको तुलनामा मानिस ता ज्यादै सूक्ष्म जीव हो । तर यो चेतनाको धनी जीव पनि हो। ब्रह्माण्डकै एउटा सशक्त अंश हाम्रो सौर्यमण्डलको एउटा सूक्ष्म अंशको रूपमा मानिस बसेको छ । त्यस मण्डलको एउटा भाग वा पिण्ड ( दयमथ) पृथ्वीमा उसको बसोबास छ । यसैले मानिस र उसका सोच, क्रियाकलाप (जसको समष्टि नाउँ संस्कृति हो) लाई उसले त्यस मण्डलका अन्य ग्रह-नक्षत्रादि पिण्डहरूसित तालमेल मिलाएर

**संस्कृति र अनुभूतिका आय**

बस्न जानेको छ । मानिसको यो ज्ञान र चेत हजारौं हजार वर्ष पुरानो हो । तर उसले यसलाई जीवन-विज्ञान अर्थात् बढी सतर्कताका साथ उपयोग गर्न थालेको चाहिँ कमसेकम वैदिककालदेखि हो ।

वैदिक साहित्यले मानिसको ग्रह-क्षत्रको ज्ञान-तिनको उपासना विधि र पछिल्लो समयमा तिनको फलका बारेमा उसको चासो र अभिष्ठलाई प्रस्तुत गर्छन् । ज्योतिषशास्त्र त्यही चेत र ज्ञानको संयोजनको फल हो ।

पृथ्वीमा उत्पन्न प्राकृतिक स्रोत र ग्रहहरूबाट प्राप्त उर्जाबाटै मानिसलगायत समग्र जीवनजगत्ले जीवन धान्ने हो । वास्तवमा यस्तो सन्तुलित वा मिलेको बसाइलाई नै मानिस एउटा बाधा-व्यवधानसहित जीवन भन्ने ठान्छ र यो सत्य पनि हो । यो बसाइमा यस्तो सामाजिक-लौकिक परिवेशमा सङ्गठित जीवन ज्युनु भनेको सामाजिक परिवेशमा छरछिमेकीसित मिलेर सहधर्म, सहकर्म गरेर बस्नुजस्तै हो । छिमेकीसित मिल्न नसक्ने, बलमिचाइँ गर्ने मानिसलाई असामाजिक, अभद्र भनिन्छ । अˆना छिमेकीसित जस्तै मानिस आफूवरिपरिको वातावरण र टाढाका ग्रह-नक्षत्र पिण्डादिसित पनि मिलेर बस्न बाध्य छ ।

पूर्वीय ज्योतिषशास्त्रमा वारको सम्बन्ध सूर्यसित रहेको छ । यसैगरी तिथिले चन्द्रमाको कला वा उनको गतिसित सम्बन्ध राख्छन् । पृथ्वीबाट चन्द्रमाको दृश्य आकारमा हुने घट-बढको अवस्था वा त्यो समयलाई पक्ष भनियो । चन्द्रमा सानो आकारमा देखा परेर पूर्ण भएपछि पूर्णिमा भनियो र त्यस पक्षलाई 'शुक्लपक्ष' अनि त्यस पक्षको गणनापद्धति -प्रतिपदा, द्वितीया, तृतीया गर्दै अन्ततः एक साँझ चन्द्रमा अदृश्य हुने हुनाले त्यस अवधिलाई कृष्णपक्ष र त्यो अन्धकार अवधिलाई अमावस्यको नाउँले जानियो ।

## महान भनाईहरु

१) आँखाले न देख्ने बित्तिकै केही पनि हुन्न र छैन भन्नुहुँदैन । वास्तवमा देखिएको भन्दा नदेखिएको संसार ठूलो छ, ठूलो हुन्छ । किनकि रूखलाई थाम्ने काम जराले गर्छ, घरलाई उठाउने काम जगले गरेको हुन्छ ।

२) अगाडि बढ्न चाहनेले पछाडि पनि हेर्नुपर्छ । पछाडिको संसार बिर्सेर अगाडि बढ्न गाह्रो पर्छ । गाडीलाई पनि गति लिन केही पछि हट्नुपर्छ र खेलाडीलाई पनि जम्म लिन केही पछि हटेर शक्ति सञ्चय गर्नुपर्ने हुन्छ ।

३) सत्यसमेत निरपेक्ष हुँदैन । गुलियो मीठो लाग्नेलाई त्यही सत्य हो, अमिलो मीठो लाग्नेलाई त्यही सत्य हो । यहाँ गुलियो सत्य मानौं भने अमिलोले बाधा दिएको छ । अमीलोलाई सत्य भनौं भने गुलियो बाधक बन्न पुगेको छ ।




## स्वास्थ्य

# खाना खाँदा कागतीको रस निचोरेर खानुका फाइदा



दमक/ हामीले प्रायः सलाद, चटपटे, आलु चाट र सुपमा कागतीको रस मिसाएको देखेका छौं ।

तर केही मानिसहरु तरकारी वा दालमा कागतीको रस हालेर खान मन पराउँछन् । तपाईंको पनि बानी त्यस्तै छ कि ? यो बानीले खानाको स्वाद त बढाउँछ नै शरीरलाई अन्य धेरै फाइदा पुग्छ ।

के के हुन्छन् फाइदा ?

खानामाथि कागतीको रस निचोर्नाले खानामा रहेको भिटामिन सी पाचन इन्जाइमहरु सक्रिय हुन्छ, जसले गर्दा भारी खाना पचाउन सजिलो हुन्छ । यसबाहेक, कागतीमा रहेको फाइबरले कब्जियत, अपच र ग्यास जस्ता पेटका समस्याहरूलाई कम गर्न पनि मद्दत गर्छ । पेट दुख्ने समस्याबाट पीडित हुनुहुन्छ भने, तपाईंले यो बानीलाई आˆनो दैनिक दिनचर्यामा निश्चित रूपमा समावेश गर्नुपर्छ ।

दोस्रोः फलामको अवशोषण बढाउँछ

पालुङ्गो, दाल, वा चनामाथि कागतीको रस निचोर्दा शरीरको फलामको अवशोषण दोब्बर हुन सक्छ, जसले रक्तअल्पता जस्ता विभिन्न रोगहरूलाई कम गर्न मद्दत गर्दछ ।

ध्यान दिनुपर्ने कुरा कागतीलाई खाना पकाउँखेरि होइन होइन, खाना पकाइसकेपछि हाल्नु पर्छ । अन्यथा, शरीरलाई आवश्यक भिटामिन सी प्राप्त हुँदैन ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## मनोरञ्जन

# ८ लाख ५५ हजार बढीले हेरे 'गौथली', बक्स अफिसमा २३ करोड ५५ लाख



दमक/ चलचित्र विकास बोर्डले फिल्म गत साताको बक्स अफिस रिपोट सार्वजनिक गरेको छ । बोर्डले आइतबार राति दश बजेसम्मको व्यवसाय समेट्दै सार्वजनिक गरेको बक्स अफिस रिपोट अनुसार फिल्म 'गौथली' ले २३ करोड ५५ लाख १२ हजार ५०२ रूपैयाँ ग्रस कलेक्सन गर्न सफल भएको छ । फिल्मलाई यस अवधिमा अवधिमा ८ लाख ५५ हजार ७५२ जनाले हेरेका छन् ।

गत साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्म गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालका छोरा डा. कपिल रिजालले निर्देशन गरेका हुन् । केही साता अघिनै फिल्म कमाइको मामलामा यो वर्ष रिलिज भएका फिल्महरूमा सबैभन्दा अग्रस्थानमा रहन सफल भएको थियो । फिल्मको व्यवसाय अहिले पनि राम्रो रहेको निर्माण युनिटले जनाएको छ ।

फिल्ममा अरूण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना लगायत कलाकारको अभिनय छ । कलाकारसहितको टिम अहिले पनि हल हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझिरहेको छ ।

डा.भोला रिजालको कथामा आधारित फिल्मको पटकथा तथा संवाद डा.कपिल रिजाल, निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गरेका हुन् । घर, परिवार, सम्बन्ध र आत्मीयताको भावलाई केन्द्रमा राखिएको फिल्मको वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडीले गरेका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल भदौ ०३ गते बुधबार
19 Aug. 2026
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ)
नयाँ काममा सफलता मिल्नेछ ।
आर्थिक लाभको अवसर जुर्नेछ ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो)
पारिवारिक सम्बन्ध सुमधुर बन्नेछ ।
व्यवसायमा राम्रो प्रगति हुनेछ ।

**मिथुन** (का कि कु घ ङ छ के को हा)
महत्वपूर्ण निर्णय लिनुहोला ।
सहकर्मीबाट सहयोग प्राप्त हुनेछ ।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो)
मनमा उत्साह बढ्नेछ ।
अधुरा काम पूरा हुनेछन् ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे)
प्रतिष्ठा बढ्ने सम्भावना छ ।
आम्दानीको बाटो खुल्नेछ ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो)
मेहनतको राम्रो फल मिल्नेछ ।
नयाँ अवसर हात लाग्नेछ ।

**तुला**
आर्थिक अवस्था सुधार हुनेछ ।
प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु)
काममा सफलता प्राप्त हुनेछ ।
यात्राको अवसर मिल्न सक्छ ।

**धनु** (य यो भा भी भ धा फा ढ भे)
नयाँ योजनामा सफलता मिल्नेछ ।
मित्रबाट सहयोग पाइनेछ ।

**मकर**
व्यवसायमा लाभको संकेत छ ।
परिवारमा खुसी छाउनेछ ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द)
रोकिएका काम अघि बढ्नेछन् ।
आर्थिक पक्ष बलियो बन्नेछ ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची)
मानसिक शान्ति प्राप्त हुनेछ ।
महत्त्वपूर्ण अवसर हात पर्नेछ ।

# नेप्सेको ओरालो यात्रा

**दमक**/ साताको दोस्रो कारोबार दिन मंगलबार नेप्से परिसूचक १९.३४ अंकले घटेर २६२२.४८ विन्दुमा झरेको छ । पछिल्ला दुई कारोबार दिनदेखि लगातार ओरालो लागेको बजारले मंगलबार पनि गिरावटलाई निरन्तरता दिएको हो ।

यस दिन सेन्सेटिभ इण्डेक्स २.५५ अंकले घटेको छ । फ्लोट इण्डेक्स १.३० अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.८८ अंकले घटेको छ । नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । सोमबार ५ अर्ब ५२ करोड रुपैयाँबराबरको शेयर कारोबार भएकोमा मंगलबार ३४७ स्टकको ५५ हजार २४६ पटकको कारोबारबाट ५ अर्ब ७ करोड ३५ लाख १८ हजार रुपैयाँबराबरको १ करोड ५१ लाख ९६ हजार कित्ता शेयर खरिदबिक्री भएको छ ।

बजारमा केही कम्पनीको शेयरमा भने सकारात्मक कारोबार देखिएको छ। सर्वोत्तम पेन्ट्स र माउन्ट एभरेष्ट पावर डेभलपमेन्टको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । सर्वोत्तम पेन्ट्सको शेयरमूल्य ६८ रुपैयाँ ४० पैसा बढेर ५२४ रुपैयाँ ६० पैसा पुगेको छ भने माउन्ट एभरेष्ट पावर डेभलपमेन्टको शेयरमूल्य ७८ रुपैयाँ ६० पैसा बढेर ६०३ रुपैयाँ २० पैसा पुगेको छ ।

***१५ औं....***आफूले निरन्तर संवाद गरिरहेको सभापति थापाले बताए ।

महामन्त्री प्रदीप पौडेल नेतृत्वको समितिले सदस्यता टुंगो लगाएको र निर्वाचन समितिलाई हस्तान्तरण गरेको पनि उनले बताए । महाधिवेशन निष्पक्ष र पारदर्शी बनाउनका लागि समितिहरूबारे खुला छलफल गर्न आफू तयार रहेको सभापति थापाले बताए। 'राजनीतिक कुरा छलफल भइरहन्छ, तर हामीसँग अब समय छैन, महाधिवेशन प्रक्रिया सुरु भयो,' उनले भने ।

***पावर......***ती सबै खारेज भएको जानकारी दिन चाहन्छु,' उनले भनेका थिए । साथै, रविले महाधिवेशनमा एकता समायोजनको काम सबै सकिएकाले पार्टीभित्र अब कुनै गुट उपगुट नचल्ने स्पष्ट पारे ।

'महाधिवेशनपछि समायोजनको काम सबै समाप्त भएको छ । अब एउटा रास्वपा छ । एउटा लिडरशिप छ, फरक फरक छैन । कसैले भन्न सक्ला- म यो गुटको, मेरो नेता यो हो, ऊ हो । त्यसबाट मनोरञ्जन बाहेक केही पनि लिन सक्दैन । एउटा रास्वपा, एउटा घण्टी । त्यसैले समायोजनका काम महाधिवेशनबाट गरिसकेका छौं', उनले भनेका थिए । यसअघि विशेष परिस्थितिमा निर्वाचन र समायोजनको काम भएकाले क्यान्डिडेट क्लब मार्फत उम्मेदवार छनोट हुन नसकेको रविले स्वीकार गरे ।

***व्यवसायीलाई.....***

ब्यवसायीलाई खेलकुदसँग जोडेर स्वस्थ राखि मनोरञ्जन दिने उद्देश्यले आयोजना गरिएका यस प्रतियोगिताको म्यान अफ दि टुर्नामेन्टलाई २ हजार ५ सय २५ रुपैयाँ, उत्कृष्ट गोलरक्षकलाई २ हजार २ सय २२ रुपैयाँ र प्रत्येक खेलका म्यान अफ दि म्याचलाई ११ सय ११ रुपैयाँका दरले जम्मा १२ हजार २ सय २१ रुपैयाँ वितरण गरिने दमक उद्योग वाणिज्य संघको खेलकुद तथा स्वास्थ्य उपसमितिका संयोजक कृष्णराज दाहालले जानकारी दिए ।

यस खेलमा मुख्य सहयोगी संस्थाहरु एल आर पी सप्लायर्स दमक, सिग्देल डिपार्टमेन्ट स्टोर, दमक ६, आरम्भ कम्प्युटर प्रालि दमक ६, सिद्धार्थ बैंक दमक र त्रिवेणी फुड एण्ड वेभरेज प्रालि इटहरी सुनसरी रहेको जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनको सञ्चालन दमक उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष रुवल अधिकारीले गरेका थिए भने उपसमितिका संयोजक कृष्णराज दाहालको अध्यक्षतामा भएको कार्यक्रमको समापन बरिष्ठ उपाध्यक्ष भगवान बस्नेतले गरेका थिए। कार्यक्रममा संघका पूर्व अध्यक्ष विजय बरालसहित संघका कार्यसमिति पदाधिकारी, सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु तथा खेलकुद उपसमितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

***जुट खेति....***जुट उत्पादन गर्दै आएका छन् । यसबाट रू दुई लाखदेखि तीन लाखसम्म आम्दानी हुने गरेको उनले जानकारी दिनुभयो । तयार भएको जुट बिक्रीका लागि बजारको समस्या नरहेको र स्थानीय व्यापारीले खेतमै पुगेर खरिद गर्ने गरेको उनको भनाइ छ । जुटको मूल्यमा वृद्धि हुनुका साथै उद्योगबाट माग बढेपछि सुनसरीमा जुट खेतीतर्फ किसानको आकर्षण बढेको छ । गत वर्षको तुलनामा यस वर्ष जिल्लामा जुटखेतीको क्षेत्रफल पनि वृद्धि भएको छ ।

कृषि ज्ञान केन्द्र सुनसरीका सूचना अधिकारी प्रवीणलाल श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सुनसरी जिल्लामा एक हजार ३०८ हेक्टर क्षेत्रफलमा जुटखेती गरिएको थियो । आव २०८२/८३ मा एक हजार ३३४ हेक्टरमा जुटखेती गरिएको छ ।


**घर चाहियो**

**पूर्व-पश्चिम हाइवेबाट उत्तरमा**
**कम्पाउण्डवाल र पार्किङ भएको**
**पूर्व वा उत्तर फर्केको घर तु- चाहियो ।**
इच्छुकले चाँडो सम्पर्क गर्नुहोला ।

सम्पर्कका लागिः
9852670911/ 9802782500

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागिः
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२


# दमक नगरपालिकाको तर्फबाट सार्वजनिक अनुरोध

**दमक नगरपालिकाको नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमका आधारमा मिति २०८३/०४/२७ गते यातायात तथा ट्राफिक व्यवस्थापन समितिको बैठकको निर्णयानुसार दमक नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गर्न, समाजमा असर पार्ने विभिन्न गतिविधि नियन्त्रण गरी नगरलाई व्यवस्थित गर्न साथै यातायात व्यवस्थापन, पार्किङ व्यवस्थापन र बजार व्यवस्थापन गर्न देहाय बमोजिमका प्रावधानहरू लागु गरिने हुदा सो को पालना गरी दिन नगरपालिकाको तर्फबाट सबै नगरवासीहरुमा यो सार्वजनिक अनुरोध गरिन्छ ।**

**देहाय**

१. दमक नगर भित्रका बिभिन्न चोक गल्लीहरुमा बाह्रमासे रकम सट्टावाजी राखी क्यारेमबोर्ड, तास, लुंडो लगायतका खेलहरु सार्वजनिक रुपले खेली अप्रत्यक्ष रुपको अनियमित आर्थिक चलखेल गर्ने गरेको पाईएमा कानून बमोजिम कारवाही गरिनेछ ।

२. दमक नगर भित्रका बिभिन्न स्थानहरुमा अनावश्यक एवं अव्यवस्थित रुपले सडक मानवहरुको गतिबिधि बढेको र त्यस्ता मानवहरुबाट चोरी, दुर्व्यसन, फोहोरमैला, होहल्ला र सामाजिक बिकृति समेत बढ्न गएकोले आफ्नोक्षेत्रभित्र यस्ता गतिविधि देखिएमा सुरक्षा निकायलाई सूचना दिनु हुन ।

३. दमक बजार सौन्दर्यीकरणका लागि दमक नगरपालिकाद्वारा पार्किङ्ग व्यवस्थापन सम्वन्धी निर्दिष्ट गरिएको १ गते देखि १५ गते सम्म बजार सडकको पूर्वी तर्फ र १६ देखि मसान्त सम्म पश्चिम तर्फका स्थानहरुमा एकतर्फि पार्किङ्गको व्यवस्थापनलाई अटेर गरे वा उल्लघंन गरे नगरप्रहरी बलद्वारा उक्त सवारी साधनलाई ह्ववील लक (Wheel Lock) गरी नगरको नियमानुसार कारवाही गरिनेछ ।

४. फुटपाथहरुमा कुनै प्रकारका व्यवसायिक सामाग्रीहरु, निर्माण सामग्रीहरु, बजारको सौन्दर्यलाई नकारात्मक प्रभाव पार्ने गरी घाम छेक्न प्रयोग गरिने कपडा, प्लाष्टिक, टिनको छज्जी लगायतका सामाग्रीको प्रयोग गरी फुटपाथलाई असर पार्न पूर्ण रुपले निषेध गरिएको हुदाँ नियम अटेर गरेमा नियमानुसार कडा कारवाही गरिनेछ ।

५. घरपालुवा कुकुरहरुबाट सडक, पेटीहरुमा दिशा पिसाव गराउने कार्यमा पूर्ण प्रतिवन्ध गरिएको हुंदा त्यसो गरे गराएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

६. दमक नगर भित्रका सार्वजनिक स्थानहरुमा खुल्ला रुपमा धुम्रपान, मद्यपान, सुर्तिजन्य पदार्थ खैनी, गुट्का खान माथि पूर्ण रोक लगाईएको छ । सो सम्बन्धी नगर क्षेत्रका सबै स्थानहरुमा सूचना प्रवाह गर्ने र त्यस प्रकारको सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान, सुर्तिजन्य पदार्थ खैनी, गुट्का प्रयोग गरेको पाईएमा कानून बमोजिम कडा कारवाही गरिनेछ ।

७. दमक बजारक्षेत्रमा ठुला मालवाहक सवारी साधन टिपर, ट्र्याक्टरबाट मालसामान लोड अनलोड तथा ढुवानी गर्नु परेमा विहान ९:०० बजे भित्र र वेलुका ५:०० बजे पछी मात्र लोड अनलोड तथा ढुवानी गर्ने । माल वाहक सवारी साधनहरु बजार क्षेत्र प्रवेश गर्न अनिवार्य रिङ्ग रोडबाट आवत जावत गर्ने । गिटी, ढुगा, वालुवा ढुवानी गर्ने सवारी साधनहरुले अनिवार्य रुपमा सामाग्री छोपेर मात्र ढुवानी गर्नु पर्ने । तोकिएको नीति र समय वाहेक अटेर गरी ढुवानी गरेको पाईएमा कडा कारवाही गरिनेछ ।

८. सवारी दुर्घटना एवं जोखिम न्यूनिकरण सम्बन्धमा विना हेलमेट एवं ३ जना सवार भई मोटर साईकल चलाउन तथा ध्वनी प्रदुषण हुने गरी साईलेन्सर जाली निकाली वा अन्य कारणबाट ठुलो आवाज निस्कने मोटरसाईकलहरुलाई प्रतिवन्ध लगाईएको छ । यस्ता किसिमका क्रियाकलाप गरेमा कारवाही गरिनेछ ।

९. दमक नगर भित्रका सडक, पेटी तथा सार्वजनिक स्थानहरुमा जथाभावी फोहोर मैला नगर्ने, घर घनी तथा व्यवसायीहरुले फोहोर श्रोतको वर्गिकरण गरी सोही अनुसार फोहोर बोक्ने गाडि आएपछि फोहोर व्यवस्थापन गर्ने साथै फोहोर मैला फ्याँक्न सहज हुने गरी कसैले पनि खाली जग्गा नराख्ने तथा आ-आफ्नो खाली जग्गाको सही सदुपयोग गर्नु हुन ।

१०. आ-आफ्नो घरका सेफ्टी ट्याँकीहरु सफा गर्दा वरिपरिको बाताबरणमा दुर्गन्ध नहुने गरी व्यवस्था गर्ने एवं सेफ्टी ट्याँकी वाहकले जथाभावी फोहोर फ्याँक्न प्रतिवन्ध लगाईएको छ ।

११. दमक नगर भित्रका मन्दिर, विद्यालय एवं स्वास्थ्य केन्द्रहरुको १०० मिटरको दुरी भित्र कुनै प्रकारको मद्यपान, धुम्रपान, खैनी, गुट्का लगायत सुर्तीजन्य सामानहरु वेच विखन तथा सेवन गर्न पाईने छैन ।

१२. दमक नगरक्षेत्र भित्र रहेका माछा, मासु जन्य सामग्री वेच विखन गर्ने व्यवसायिहरुले माछा, मासुको शुध्दताका ध्यानमा राखि वाह्य बाताबरणबाट फोहोर मैला नहुने गरी सिसाको वारवेर, सिसाको सोकेश वा जाली प्रयोग गरेर मात्र बेच विखन गर्ने । उल्लेखित व्यवसायबाट निस्कने हड्डी लगायतका फोहोर बस्तुहरु निश्चित स्थानमा स्वयं व्यवसायीले व्यवस्थापन गरी पूर्ण रुपले फोहोर मैला नियन्त्रण गर्ने । सो नियम उल्लंघन गरेको पाईएमा कारवाही गरिनेछ ।

१३. नगरक्षेत्रभित्र अव्यवस्थित रुपमा सडकपेटी अवरोध हुने गरी व्यवसाय संचालन गर्न पूर्ण रुपमा निषेध गरिएको छ । सो गरेको पाईएमा उक्त सामान जफत गरी जरिवाना समेत गरिने छ ।

१४. नयाँ सब्जी बजारभित्र व्यवसाय गर्ने व्यवसायीहरुले आफुले पाएको स्टलमामात्र व्यापार व्यवसाय गर्नु पर्नेछ । स्टलभन्दा वाहीर फिजाएर व्यापार व्यवसाय गरेको पाईएमा उक्त सामान नगर प्रहरी बलले जफत गर्न सक्नेछ ।

१५. अण्डरग्राउण्ड पार्किङ सुविधा बनाएका व्यवसायिक भवन तथा महलहरूले अनिवार्य अण्डरग्राउण्ड पार्किङको व्यवस्था गर्नुपर्नेछ ।

१६. सडक पेटी अवरोध हुने गरी निर्माण सामग्रीहरु राख्दा दुर्घटनाको जोखिम बढेको तथा आवागमनमा समेत समस्या भएकोले निर्माण सामग्री नराख्ने यदी अटेर गरी सामान राखे उक्त सामान जफत गरिनेछ ।

१७. सडकपेटी, विजुलीको पोल आदीमा नगरपालिकाको स्वीकृति विना कुनै किसिमका विज्ञापनजन्य सामग्री राख्न निषेध गरिएको छ ।

**बसपार्क व्यवस्थापन सम्बन्धमाः-**

१. बसपार्कबाट पूर्व तर्फ नगरपालिका जाने मूल सडक हुदै पूर्व पश्चिम लोक मार्गको रतुवा पुल सम्म कुनै पनि यात्रु वाहक सवारी साधन बस, कार, भेन, टेम्पो, सिटी सफारी आदीले स्टेण्ड कायम गरी रोक्न पूर्ण रुपले निषेध गरिएको छ ।

२. बसपार्क हाताभित्र रहेको टर्मिनल भवन बाहेक अन्यत्र टिकट बुकिङ काउण्टर राख्न पूर्ण रुपले निषेध गरिएको छ ।

३. छोटो तथा लामो दुरीका यात्रु वाहक सवारी साधनहरू अनिवार्य बसपार्क हाताभित्र प्रवेश गराउनु हुन ।

४. पूर्व पश्चिम लोक मार्ग अन्तर्गत रतुवा पुलबाट पश्चिम बसपार्क प्रवेश मार्ग सम्म कुनै किसिमका तीन पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन रोक्न निषेध गरिएको छ ।

५. गणतन्त्र चोक, आकासे पुल देखि पश्चिम पशुपती आयल सेन्टरसम्म अटो, सिटी सफारी आदी :बष्ल त्वबअप बाट संचालन गर्न निषेध गरिएको छ ।

**टेम्पो तथा सिटि सफारी सम्बन्धमा-**

१. दमक नगरपालिका ठेगाना भई लाईसेन्स प्राप्त गरेका टेम्पो तथा सिटी सफारीहरूलाई पहिचानका लागि हरीयो रंगको स्टीकर प्रदान गरिनेछ ।

२. दमक नगरपालिका ठेगाना भई लाईसेन्स प्राप्त गर्न बाकी रहेका टेम्पो तथा सिटी सफारीहरूलाई अर्को व्यवस्था नभए सम्मका लागि पहेलो रंगको स्टीकर प्रदान गरिनेछ ।

३. दमक नगरपालिका बाहिर ठेगाना भएका टेम्पो तथा सिटी सफारीहरूलाई पहिचानको लागि रातो रंगको स्टीकर प्रदान गरिनेछ ।

४. दमक नगरपालिकामा संचालन भएका सिटी सफारीहरु दमक नगरपालिकाको निर्णय अनुसार हरियो, पहेंलो र रातो स्टिकर आफ्ना साधनहरुमा अनिवार्य टाँस गर्ने तथा नियमानुसार दर्ता तथा नविकरण गरी संचालन गरिनेछ । नियमानुसार संचालन नगरेको पाईएमा कारवाही गरिनेछ ।

५. दमक नगरको बजारक्षेत्रका अति व्यस्त सडकहरुमा ठेला, सिटी सफारी तथा गाडीमा विभिन्न किसिमका मालसामान राखी माईकिङ गरी वा माईकिङ नगरी गरिने मोवाईल व्यापार गर्दै हिड्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिएको छ । यदी विना अनुमती त्यस्ता व्यवसाय संचालन गरेको पाईएमा उक्त सामान जफत गर्ने वा जरिवाना गर्ने वा दुवै गर्न सकिनेछ ।

६. दमक नगरक्षेत्रभित्रका मजदुरहरुको सुरक्षाका लागि मजदुर भलाई कोषको स्थापना गरी कार्यान्वयन प्रक्रिया अघि वढाईएको छ ।

७. गैर नागरिक, अशक्त, बृद्ध तथा नावालक व्यक्तिहरुलाई टेम्पो तथा सिटि सफारी संचालन गर्न पूर्ण रुपमा रोक लगाईएको छ ।

***नोट : यस सम्बन्धि विस्तृत जानकारी आवश्यक परेमा दमक नगर प्रहरी बलमा सिधा सम्पर्क गर्न सकिने छ ।***

औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर निर्माण गर्न माथि उल्लेखित प्रावधानहरु पालना गरिदिनु हुन सवैमा विनम्रता पूर्वक अनुरोध गरिन्छ ।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक झापा

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com